## शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

## कनकाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## जामुनबारी,झापा,प्रदेश नं. १

(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७५/०२/१८

कनकाई नगरपालाक कार्यालयको आ.ब. ०७४\७५ मा निम्नानुसारको मालसमान आपुर्ती गर्नुपर्ने भएको हुदा इजाजत प्राप्त आपुर्तिकर्ता ब्यबसायीहरुबाट निम्न शर्तको अधिनमा रहि रितपुर्बक शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| सूचना न. | सामाग्रिको नाम | दरभाउपत्र जमानत रकम (NRs.) | दरभउपत्र दस्तुर (NRs.) | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र बुझाउने अन्तिम मिति | दरभाउपत्र खोल्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| SQ/02 2074-75 | Supply & Delivery Of Compact Mobile Lab | **23,000** | **1000** | 2075/03/01 5 बजे सम्म | 2075/03/03 12 **बजे सम्म** | 2075/03/03 2 **बजे** |
| SQ/03 2074-75 | Supply & Delivery Of Total Station | **20,000** | **1000** | 2075/03/01 5 बजे सम्म | 2075/03/03 12 **बजे सम्म** | 2075/03/03 2 **बजे** |

शर्तहरू:

१. कनकाई नगरपालिकालाई एक थान **Compact Mobile Lab** र एक थान **Total Station खरिद गर्नु पर्ने भएकोले** योग्य फर्म/कम्पनीहरूबाट उल्लेखित सामाग्री खरिद गर्न यो दरभाउ पत्र आह्वान गरिएको छ ।

२. योग्य फर्म/कम्पनीहरूले यस सम्बन्धी थप जानकारीको लागि वा सिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजातहरू हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् : कनकाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुरुङ्गा, झापा फोन :०२३-४०११४४ इमेल : kanakai.mun@gmail.com

३. यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म (२०७५/०३/०१) दरभाउपत्र फाराम सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीको Authorization Letter को प्रमाणित प्रतिलिपी तपसिलमा उल्लेखीत दस्तुर निवेदन साथ पेश गरेपछी सिलबन्दी दरभाउ पत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

४. सिलबन्दी गरिएको दरभाउ पत्र कनकाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा २०७५/०३/०३ गते दिउँसो १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त भएमा स्वीकार गरिने छैन ।

५. तोकिएको समयभित्र पेश भएका दरभाउ पत्रहरू प्रस्तावकहरू वा निजको प्रतिनिधिको रोहवरमा कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा मिति २०७५/०३/०३ गतें दिनको २:०० बजे खोलिने छ । प्रस्तावक वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६. सिलबन्दी दरभाउ पत्रको साथ जमानत वापतको धरौटी रकम नेपाल बैंक लिमिटेड, सुरुङ्गा, झापामा यस कार्यालयको नाममा रहेको धरौटी खाता नम्बर १४७०३०००००००००३०००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त "क" बर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिनसम्म मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

७. सिलबन्दी दरभाउ पत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खुल्ने दिन खरिद गर्ने, पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ ।

८. कुनै वा सबै सिलबन्दी दरभाउ पत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

९. यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन तथा नियमानुसार हुनेछ ।